आज मिति २०८२ साल जेष्ठ महिनाको १२ गते बिहान ८.०० बजे यस म्याग्दे गाउपालिका तनहुको गाउ कार्यपालिकाको १७४ औ नियमित बैठक । दोश्रो पदाधिकारीको अड्चालिसौ बैठक । गाउपालिकाका अध्यक्ष श्री श्रीप्रसाद श्रेष्ट ज्यु को अध्यक्षतामा बसी निम्न उपस्थितिमा तपशिल बमोजिमको निर्णय गरियो ।

**तपशिल**

१ अध्यक्ष श्री श्रीप्रसाद श्रेष्ठ

२ उपाध्यक्ष श्री बालकृष्ण घिमिरे

३ वडा न. १ वडा अध्यक्ष श्री मणि भद्र बाग्ले

४ वडा न. २ का वडा अध्यक्ष श्री शिव बहादुर क्षेत्रि

५ वडा न. ३ का वडा अध्यक्ष श्री टुक राज अधिकारी

६ वडा न. ४ का वडा अध्यक्ष श्री दिपक कुमार श्रेष्ठ

७ वडा न. ५ का वडा अध्यक्ष श्री शिव बहादुर आले

८ वडा न. ६ का वडा अध्यक्ष श्री हिरा लाल गुरुङ

९ वडा न. ७ का वडा अध्यक्ष श्री बसन्त कुमार श्रेष्ठ

१० महिला सदस्य श्री चन्द्रिका भट्टराई घिमिरे

११ महिला सदस्य श्री चिनिमाया थापा

१२ महिला सदस्य श्री जानकी थापा

१३ महिला सदस्य श्री सिता कुमाल

१४ अल्पसख्यक वा दलित सदस्य श्री होम बहादुर नेपाली

१५ दलीत सदस्य श्री थम माया कामी

१६ सदस्य सचिव श्री नारायण प्रसाद अधिकारी

## मिति २०८२।०२।१२ को १७४ औ गाउँकार्यपालिका वैठकका निर्णयहरु

**निर्णय न. १७४/२०८१।०८२– ०१,**

म्याग्दे गाउँपालिका वडा न. ३ मा रहेको कोल्ड स्टोर्शमा पटक पटक विधुत लाइन गईरहने समस्या सगै चिस्यान लाई निरन्तरता दिनको लागी इन्धन आवश्यक परी यस अगाडी १५० लिटर डिजेल उपलब्ध गराईएको लाई अनुमोदन गदै सञ्चालक समितिको माग अनुसार समय समय इन्धन उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय न. १७४/२०८१।०८२– ०२,**

विपद व्यवस्थापन समितिको मिति २०८२।०२।११ मा वसेको वैठकको निर्णय तथा सिफारिस समेतको आधारमा तपशिल वमोजिम राहात तथा साहायता उपलब्ध गराउने निर्णय गरियो ।

**तपशिल**

| सि.न. | क्षतिको प्रकृति | जिन्सी साहायता तर्फ | नगद साहायता तर्फ | अन्य सिफारिस तर्फ |
|---|---|---|---|---|
| ०१ | प्रहरी मुचुल्का सहित घर भत्केको विवरण प्राप्त भएकाको हकमा | १ थान त्रिपाल | १० हजार आर्थिक साहायता | जिल्ला विपद व्यवस्थापन समिति र अन्य निकायमा |
| ०२ | प्रहरी मुचुल्का सहित गोठ, खोर र अन्य भवन संरचना भत्केको विवरण प्राप्त भएकाको हकमा | १ थान त्रिपाल | ५ हजार आर्थिक साहायता | |
| ०३ | प्रहरी मुचुल्का सहित पशु मृत्यु भएकाको हकमा | ०।० | वाखाको हकमा ३ हजार, गाई भैसीको हकमा ५ हजार, कुखराको हकमा प्रति | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | ३० वटा मरेको लाई ५ हजार | |
| ०४ | प्रहरी मुचुल्का सहित विपद ले घाईते भएकाको हकमा | | १० हजार आर्थिक साहायता | |
| ०५ | प्रहरी मुचुल्का सहित जग्गा जमीन पहिरो गएकाको हकमा | साहायता नहुने | साहायता नहुने | साहायता नहुन |
| ०६ | प्रहरी मुचुल्का सहित सुन्तला तथा फलफुल बगाएको डढेको हकमा | | क्षति हेरी रु ५ हजार देखी अधिक्तम रु २० हजार सम्म | |
| ०७ | प्रहरी मुचुल्का सहित घर भत्केको अति विपन्न लाई | | सि.न. १ को अतिरिक्त १ वोरा चामल | |
| ०८ | मिन मा.वि.हाल भवन संरचनामा छती भए वमोजिम जस्ता, ट्रस्ट, जिप्सन, सहित अन्य पुर्वाधार निर्माण | | विपद व्यवस्थापन कोष वाट रु ५०००००।० | |

**निर्णय न. १७४/२०८१।०८२– ०३,**

यस अगाडी प्रकाशित सूचना अनुसार ठेक्का नलागेका सवै नदीजन्य घाटहरु निवेदकको माग वमोजिम नगर प्रहरीको प्रत्यक्ष रोहोवरमा उठाउने गरी राजश्व व्यवस्थापन उपशाखा माफंत पेशभई अमानतवाट विकी सगै उत्खनन् अनुमती दिईएका तपशिल वमोजिम अमानत अनुमती लाई अनुमोदनगर्ने निर्णय गरियो ।

तपशिल

**अमानत विधिवाट नदीजन्य ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् अनुमति**
**म्याग्दे-४, घुमाउने घाट**

Scanned with CamScanner

| सि.नं. | मिति | निबेदकको नाम | घ.मि. | रकम | राजश्व परामर्श समितिको अनुमोदन मिति |
|---|---|---|---|---|---|
| १ | २०८१-१२-०३ | एलन आले | २५ | ९१०० | २०८१-१२-११ |
| २ | २०८१-१२-०३ | आशिष गुरुङ | २५ | ९१०० | |
| ३ | २०८१-१२-०६ | बिजय घिमिरे | ५० | १८२०० | |
| ४ | २०८१-१२-१० | एलन आले | ५० | १८२०० | |
| ५ | २०८१-१२-१० | बिजय घिमिरे | ५० | १८२०० | |
| ६ | २०८१-१२-११ | सुन्दर थापा | ५० | १८२०० | २०८२-०१-२४ |
| ७ | २०८१-१२-२० | राहुल राना | २५ | ९१०० | |
| ८ | २०८१-१२-२२ | बि.आर कन्सट्रक्सन | ५० | १८२०० | |
| ९ | २०८१-१२-२६ | राहुल राना | २५ | ९१०० | |
| १० | २०८१-१२-२६ | आशिष गुरुङ | २५ | ९१०० | |
| ११ | २०८२-०१-०२ | बि.आर कन्सट्रक्सन | ५० | १८२०० | |
| १२ | २०८२-०१-०५ | राहुल राना | २५ | ९१०० | |
| १३ | २०८२-०१-०७ | बिशाल बिश्वकर्मा | २५ | ९१०० | |
| १४ | २०८२-०१-०९ | होम बहादुर अधिकारी | २५ | ९१०० | |
| १५ | २०८२-०१-१० | आशिष गुरुङ | २५ | ९१०० | |
| १६ | २०८२-०१-१४ | बि.आर कन्सट्रक्सन | ५० | १८२०० | |
| १७ | २०८२-०१-२२ | राहुल राना | २५ | ९१०० | |
| १८ | २०८२-०१-२२ | बि.आर कन्सट्रक्सन | ५० | १८२०० | |
| १९ | २०८२-०१-३० | राहुल राना | २५ | ९१०० | २०८२-०२-११ |
| २० | २०८२-०१-३१ | आशिष गुरुङ | २५ | ९१०० | |
| २१ | २०८२-०२-११ | राहुल राना | २५ | ९१०० | |
| २२ | २०८२-०२-१३ | राहुल राना | २५ | ९१०० | |
| २३ | २०८२-०२-१६ | आशिष गुरुङ | २५ | ९१०० | |
| २४ | २०८२-०२-२३ | राहुल राना | २५ | ९१०० | |
| २५ | २०८२-०२-२६ | बि.आर कन्सट्रक्सन | ५० | १८२०० | |

Scanned with CamScanner

**तपशिल बमोजिम अनुमती अनुमोदन तर्फ**

| निजी जग्गा व्यवस्थापनका लागि पेश भएका तपसिल बमोजिमका निवेदकहरु | | | राजश्व परामर्श समितिको निर्णय मिति |
|---|---|---|---|
| **जग्गाधनिको नाम र ठेगाना** | **जम्मा परिमाण** | **राजश्व रकम रु** | २०८२-०१-२४ |
| बलबिर थापा ,म्याग्द-०५ | ९००० घ.मि | १५,७३,९१४/०८ | |
| मर्दे सार्कि, म्याग्दे-२ | २५०।६ घ.मि. | ३५,५८५/२० | |
| शिब कुमार श्रेष्ठ, म्याग्दे-०३ | २९८ घ.मि. | ३६,९५२/०० | |
| कमल प्रसाद गुरुङ, पोखरा -१२ | २९१/०५ घ.मि | ३६०८४/०० | |

**निर्णय न. १७४/२०८१।०८२– ०८,**

थर्पु अस्पताल भवन निर्माण अर्न्तगत अन्तिम विल रु १,०१,५१,७९१।० भुक्तानीको लागी माग भएको मा जम्मा रु ५६,९८०००।० मात्र निकाशा प्राप्त भएको हुदा अपुग रकम रु ४४,५३,७९१।० निकाशाको लागी स्वास्थ्य तथा जनसख्या मन्त्रालयमा माग गरिएकामा हाल सम्म माग गरे अनुसारको रकम निकाशा नभाएको साथै सो विषयमा सवास्थ्य मन्त्रालय सग वुझ्दा रकम नआउने मौखीक जानकारी सगै मिति २०८१।१०।०९ को मन्त्रालयको च.न. १०४३ को पत्रको व्यहोरा र मिति २०८१।०७।२९ मा अर्थ मन्त्रालयले स्वास्थ्य मन्त्रालय लाइ लेखेको च.न. ३६४ को पत्रको व्यहोरा समेत अध्यन गर्दा हाल रकम निकाशा नहुने देखीएको हुदा नपुग हुने रकम रु ४४,५३,७९१।० पुन निकाशा मागको लागी ताकेता गर्ने । ताकेता गर्दा पनी रकम निकाशा नभएमा अर्थ मन्त्रालय र स्वास्थ्य मन्त्रालयको उल्लेखीन पत्र अनुसार गा.पा.को विभिन्न पुर्वाधार निर्माण ठेक्का तथा उपभोक्ता वाट सञ्चालीत सवै योजनाहरु शिर्शक वाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय न. १७४/०८१।०८२–०९**

**लिलाम विकी सम्वन्धमा यस अगाडी भएका कामकारवाहीको अवस्था तपशिल बमोजिम रहेको जानकारी सगै तपशिल बमोजिा गर्ने निर्णय गरियो ।**

Scanned with CamScanner

**तपशिल विषय जानकारी सम्वन्धमा ।**

यस म्याग्दे गाउँपालिका गाउँकार्यपालिकाका, मिति २०८०।११।०६ को निर्णय सगै गा.पा. को सम्पती को सम्पती कायम भए सगै मिति २०८१।०१।३१ निर्णय अनुसार मिति २०८१।०२।०७ मा हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा पहीलो पटक ६ वटा थुप्राको ठेक्का सूचना सगै सम्मानीत उच्च अदालत पोखरामा ३ वटा ( थुप्रो न. १,४, र ६) थुप्राहरुको विषयमा रिट निवेदन दर्ता भई सो को अन्तिम फैसला नभईन्जेल लिलाम विकी प्रकृया स्थगन भएको र पछिल्लो समयमा अदालतको फैसला वाट गा .पा को निर्णय नै सदर भए पश्चात मिति २०८१।०९।०८ को गाउँसभाको निर्णय तथा मिति २०८१।१०। ०७ को कार्यपालिकाको निर्णय न. ०१ अनुसार पुन लिलाम विकी प्रकृया थालनी भए सगै क्रमश मिति २०८१।१०।१४ मा सौर्य राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक ( पुन प्रकृया अनुसार) / मिति २०८१।११।१५ राजधानी दैनिकमा दोश्रो पटक / र मिति २०८१।१२।०७ मा तेश्रो पटक ( सरकारी सम्पती तथा जिन्सी मालसामान लिलाम विकी सम्वन्धी कार्यविधि २०७९ को नियम ९ र १० अनुसार ) लिलाम विकीको लागी वोलपत्र सूचना प्रकाशन गरिएकोमा तपशिल बमोजिमका नदीजन्य पदार्थको लिलाम सकारको लागी कुनै पनी बोलपत्र दर्ता हुन नआएको हुदा मिति २०८१।१२।१८ को गाउँकार्यपालिकाको निर्णय र मिति २०८१।०३।२७,को गाउँसभाको निर्णय न. १६ २०८०।०८१-५९ को ०६ मा भएको व्यवस्था समेतको आधारमा तपशिलमा उल्लेखित स्थानहरुमा रहेका ढुङ्गा, गिट्टी, बालुवा, लगायत नदीजन्य पदार्थहरु जे जस्तो अवस्थामा छन सोहि अवस्थामा सरकारी सम्पती तथा जिन्सी मालसामान लिलाम विकी सम्वन्धी कार्यविधि २०७९ को दफा ११ को उपदफा १ / र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम १०८ को उपनियम ७ / मा न्युनतम मुल्यमा वार्ता द्वारा सोझै विकी गर्न सकिने व्यवस्था रहेको हुदा ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र ०८०।०८१ को कर चुक्ता प्रमाणपत्र, सहित सोझै लिलाम प्रकृयामा भाग लिन अयोग्य नभएको स्वघोषणा र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही सूचना प्रकाशन भएको मिति ले ८ औ दिन भित्र वार्ता द्वारा सोझै लिलाम विकी प्रकृयामा भाग लिने गरी कार्यालयमा निवेदन पेश गर्नेगरी सूचना प्रकाशन गर्ने भन्ने मिति २०८१।१२।१८ को का.पा. निर्णय अनुसार २०८२।०१।०५ गते लोकवाणी दैनिकमा सूचना प्रकाशन गरीएकोमा तपशिल बमोजिमका थुप्राहरुको ४ चरणको सूचना तथा प्रयासमा लिलाम सकार सम्वन्धमा कुनै पनी आवेदन तथा ठेक्का दर्ता नभएको अवस्था रहेको छ ।

<u>तपशिल</u>

Scanned with CamScanner

| सि.नं | सूचना नं./बोलपत्र न. | सामाग्रिहरुको विवरण | परिणाम (घन फिट) | न्युनतम बोलपत्र रकम (कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर(रु.) |
|---|---|---|---|---|---|---|
| १ | MRM-२८-२०८१/०८२ | थुप्रो नं. १- म्याग्दे-५ घडेरी, नक्सा नं.- छाप्र ७/ड, कित्ता नं.- ५३,५४ र ५५ को जग्गाहरु, जि. पि. एस. बिन्दु २७°५८'१८" उत्तरी अंक्षाश ८४°०७'३५" पूर्वी देशान्तर मा रहेको ढुङ्गा, गिट्टी, बालुवा | ९,०१,४०८/- | रु. ८११२६७२/- (एकासी लाख बाह हजार छ सय बहत्तर रुपैया मात्र। | कबोल अङ्कको कम्तिमा १० प्रतिशत | रु. २०००/-(दुई हजा रुपैया मात्र। |
| २ | MRM-२९-२०८१/०८२ | थुप्रो नं. ४- म्याग्दे-५ घडेरी, नक्सा नं.- छाप्र ७/ड, कित्ता नं.- २७ र २८ को जग्गाहरु, जि. पि. एस. बिन्दु २७°५८'१०" उत्तरी अंक्षाश ८४°०७'३१" पूर्वी देशान्तर मा रहेको ढुङ्गा, गिट्टी, बालुवा मिक्स | २,७६,८९६/- | रु. २४९२०६४/- (चौबीस लाख बयानब्बे हजार चौसट्टी रुपैया मात्र। | कबोल अङ्कको कम्तिमा १० प्रतिशत | रु. २०००/-(दुई हजा रुपैया मात्र। |
| ३ | MRM-३०-२०८१/०८२ | थुप्रो नं. ६- म्याग्दे-३ झिरलौदी, मा जि. पि. एस. बिन्दु २७°५७'५१" उत्तरी अंक्षाश ८४°०९'५४" पूर्वी देशान्तर, सेती नदीबाट करिब ४० मिटर दुरीमा रहेको ढुङ्गा, गिट्टी, बालुवा मिक्स | २,०६,९३७.५० | रु. १८६२४३७.५० (अटार लाख बैसट्टी हजार चार सय सैतीस रुपैया पचास पैसा मात्र। | कबोल अङ्कको कम्तिमा १० प्रतिशत | रु. २०००/-(दुई हजा रुपैया मात्र। |

**अवको निश्कर्ष तथा निर्णय तपशिल बमोजिम रहेको छ :–**

माथीको समग्र प्रयास अध्यन सगै ३ पटक ठेक्का सूचना प्रकाशन सगै मिति २०८२।०१।०५ गते लोकवाणी दैनिकमा वार्ता द्वारा सोभै लिलाम विक्री गर्ने गरी ७ दिने सूचना प्रकाशन (चौथौ पटक ) गर्दा पनी लिलाम विक्री नभएको हुदा आर्थिक कार्यविधि तथा वितिय उत्तरदायीत्व नियमावली २०७७ को नियम १०८ को उपनियम ८ मा "उपनियम ७ वमोजिम विक्री हुन नसकेमा नियम १०७ को उपनियम (१) वमोजिमको समिति वाट पुन मुल्याङ्कन गराई कायम मुल्यमा वार्ता द्वारा सोभै विक्री गर्न सकिनेछ ।" भन्ने व्यवस्था रहेको छ भने सरकारी सम्पती तथा जिन्सी मालसामान लिलाम विक्री सम्वन्धी कार्यविधि २०७९ को दफा ११ को उपदफा २ मा कार्यालयले उपदफा १ वमोजिम सोभै विक्री हुन नसकेमा मुल्याङ्कन समिति वाट पुन मुल्याङ्कन गराई कायम भएको मुल्यमा नियमावलीको नियम १०८ को उपनियम ८ वमोजिम वार्ता द्वारा सोभै विक्री गर्न सक्नेछ भन्ने प्रावधान समेत लाई मध्येनजर गरी आर्थिक कार्यविधि तथा वितिय उत्तरदायीत्व नियमावली २०७७ को नियम १०७ को उपनियम १ (ख) मा भएको व्यवस्था तथा उपनियम २,३, ४ समेत अनुसार गर्नेगरी प्रमुख प्रशासकिय अधिकृत को संयोजकत्वमा , प्रमुख जिल्ला अधिकारी ले तोकेको अधिकृत स्तरको प्राविधिक कर्मचारी, कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि , म्याग्दे गा.पा. का शहरी तथा पुर्वाधार विकाश शाखा प्रमुख, जिन्सी शाखा प्रमुख, राजश्व उपशाखा प्रमुख, वातावरणशाखा प्रमुख नगर प्रहरी प्रमुख, सम्वन्धीत वडा प्राविधिक, र अमिन सहित को मुल्याङ्कन समिति मिति २०८२।०१।२५ को

Scanned with CamScanner

कार्यपालिका निर्णय न. ११ अनुसार गठन भए सगै मिति २०८२।०२।०५ मा गरीएको स्थलगत अनुगमन, वडा कार्यालय ३ को मिति २०८२।०२।०७ च.न. १००४ को सिफारिस पत्र र मुचुल्का / वडा न. ५, को मिति २०८२।०२।०७ को च.न. ८९५ को पत्र र मुचुल्का / थपु प्रहरी चौकी, को मिति २०८२।०२।११ च.न. १९० को पत्र मुचुल्का / प्राविधिक ले पेश गरेको प्राविधिक प्रतिवेदन र मिति २०८२।०२।११ को मुल्याङ्कन समितिले मुल्यकायम गरी गरेको निर्णय तथा सिफारिस सहित सोही मितिको राजश्व परामर्श समिति र वन वातावरण तथा विपद व्यवस्थापन समितिको सिफारिस समेतको आधारमा नियमावलीको नियम १०८ को उपनियम ८ वमोजिम कायम भएको तपशिल वमोजिमको ( पुरानै यथावत )मुल्यमा वार्ता द्वारा तपशिल वमोजिमका थुप्राहरु सोझै लिलाम विकी गर्नेगरी पुन सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**तपशिल**

| सि.नं | सामाग्रिहरुको विवरण | पुन मुल्याङ्कन अनुसार हालको परिमाण घन फिट |
|---|---|---|
| 1 | थुप्रो नं 1 -म्याग्दे-5 घडेरी, नक्सा नं - छाङ्ग7 /ड, कित्ता नं - 53, 54र 55 को जग्गाहरु, जि पि एस विन्दु27°58 '18'' उत्तरी अक्षाश 84°07'35'' पूर्वी देशान्तर मा रहेको ढुङ्गा, गिट्टी, वालुवा | 901408 |
| २ | थुप्रो नं 4 -म्याग्दे-5 घडेरी, नक्सा नं - छाङ्ग7 /ड, कित्ता नं - 27 र 28को जग्गाहरु, जि-पि एस विन्दु27°58 '10'' उत्तरी अक्षाश 84°07'31'' पूर्वी देशान्तर मा रहेको ढुङ्गा, गिट्टी, वालुवा मिक्स | 276896 |
| ३ | थुप्रो न 6 -म्याग्दे-3 झिरलौंदी, मा जि पि एस विन्दु27°57 '51'' उत्तरी अक्षाश 84°09'54'' पूर्वी देशान्तर, सेती नदीवाट करिव 40मिटर दुरीमा रहेको ढुङ्गा, गिट्टी, वालुवा मिक्स | 206937.50 |

**निर्णय न. १७४/०८१।०८२–१०**

आर्थिक वर्ष ०८१।०८२ मा ठेक्का लगाएका नदीजन्य घाटहरुको प्राविधिक शाखा वाट स्थलगत अनुगमन सगै तयारगरी पेश भएको फिल्ड अध्यन प्रतिवेदन अनुसार तल्लो झकास घाटको सम्झौता अनुसारको परिमाण पुरा भएको हुदा ठेक्का सम्झौता रद्ध गर्नको लागी राजश्व व्यवस्थापन उपशाखा लाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय न. १७४/०८१।०८२–११**

विगतमा कार्यपालिकाको निर्णय अनुसार वडा कार्यालय र वडा अध्यक्ष मार्फत माग भएका तपशिल वमोजिमका काम सम्पादन हुननसकेको तथा विवरण प्राप्त हुन नसकेको हुदा यथाशिघ्र

Scanned with CamScanner

उक्त कार्य सम्पादन तथा विवरण उपलब्ध गराउनको लागी ताकेता तथा निर्देशन गर्ने निर्णय गरियो ।

**तपशिल**

| सि.न. | माग भएको विवरण तथा कार्यजिम्मेवारी | कार्यपालिकाको निर्णय मिति | हालसम्मको कार्य प्रगती विवरण | ताकेता गर्ने विषय |
|---|---|---|---|---|
| ०१ | चारधाम निर्माण अभियान वडा न. ३ र ७ | | केही छैन | यथाशिघ्र पठाउनुहुन |
| ०२ | जग्गा मापदण्ड तयारी कार्यदल वैठक तथा वडागत विवरण वडा १ देखी ७ सवै | | केही छैन | यथाशिघ्र पठाउनुहुन |
| ०३ | हिमपायपको विवरण वडा न. १ देखी ७ | २०८२।०१।२५ | केही छैन | यथाशिघ्र पठाउनुहुन |
| ०४ | कृश्चियन धर्मालम्वीको मृत्यु सस्कार घाट अध्यन समिति | २०८२।०१।२५ | केही छैन | यथाशिघ्र पठाउनुहुन |
| ०५ | कोल्डस्टोर्श सञ्चालक समिति वैंक खाता खोल्ने कार्य | | केही छैन | यथाशिघ्र पठाउनुहुन |
| ०६ | वडागत रुपमा कृषि एम्वुलेन्स सञ्चालन सम्वन्धमा कृषि फसल संकलन सेन्टर तथा समिति गठनको विषयहरु | | | |

**निर्णय न. १७४/०८१।०८२–१२**

गत आर्थिक वर्ष ०८०।०८१ मा निर्माण सम्पन्न भएका १६ वटा विपन्न घर र चालु आर्थिक वर्ष ०८१।०८२ मा निर्माण सम्पन्न भएका ३२ घरको घरधनी लाई घर हस्तान्तरण कार्यक्रम सवै घर धनीलाई गाउँपालिकामा नै वोलाई प्रमाण पत्र सहित यही मिति २०८२।०३।०२ गते १ वजे सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय न. १७४/२०८१।०८२–१३**

यस कार्यालय सँगको सम्झौता बमोजिम हरिशान्ती कन्ट्रक्सन, व्यास-०२, तनहुँले सम्झौता बिपरित चोक्टेटार तल्लो घाटमा एक्साभेटर प्रयोग गरि आ.ई.ई मा तोकिएको मापदण्ड भन्दा बाहिर गई उत्खनन् गरेको भनि नगर प्रहरी कमाण्डर श्री चन्द्र कुमार श्रेष्ठले पेश गरेको निबेदन अनुसार सम्बन्धित फिल्डका प्राबिधिकद्वारा तयार गरिएको प्रतिबेदन अनुसार सम्झौतामा तोकिएभन्दा ३५५१/५० घ.मि बढि परिमाणमा नदिजन्य पदार्थको उत्खनन् गरेको पाईएको हुँदा सो बापतको रकम रु. १२,९२,७४६/(कर समेत) र १०% जरिवाना रकम रु

Scanned with
CamScanner